"आठवीस नगरको समृद्धिको आधार शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार"

आठवीस नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## राकमकर्णाली, दैलेख

कर्णाली प्रदेश, नेपाल।

पत्र संख्या: २०८३/०८४ (पूर्वाधार शाखा)

चलानी नं.

---

**(दोस्रो पटक प्रकाशित मितिः २०८३।०६।२७)**

**सार्वजनिक सुनुवाई कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सूचना !!!**

यस नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को समग्र तथा आर्थिक वर्ष २०८३/०८४ को त्रैमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न तेस्रो पक्ष सहजकर्ता संस्था/फर्म छनौट गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक संस्था/फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ०३ (तिन) दिनभित्र आफ्नो प्रस्ताव पेश गर्नुहुन अनुरोध छ।

१. कामको विवरणः- सार्वजनिक सुनुवाईको पूर्व-तयारी, प्रचारप्रसार, पूर्व-सर्वेक्षण तथा गुनासो सङ्कलन, कार्यक्रम सञ्चालन, प्रत्यक्ष प्रसारण, प्रतिवेदन तयारी र प्रतिवद्धता पत्रसहितको अभिलेखीकरण।

२. विनियोजित कुल बजेटः- रु. ३,००,०००/- (अक्षरुपी तिन लाख रुपैयाँ मात्र)

३. प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातः

   क) फर्म/कम्पनी दर्ता प्रमाणपत्र।

   ख) नवीकरण प्रमाणपत्र।

   ग) प्यान/भ्याट दर्ता प्रमाणपत्र।

   घ) कर चुक्ता प्रमाणपत्र वा म्याद थप प्रमाण पत्र।

   ङ) स्वघोषणा पत्र।

   च) राजस्व दाखिला गरेको रसिद।

   छ) यस कार्यालयमा मौजुदा सुचिमा सूचिकृत भयको प्रमाण पत्र।

४. प्रस्ताव पेश गर्ने तरिकाः प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा शिलवन्दी गरी, दुवै खामलाई अर्को वाहिरी खाममा राखेर पेश गर्नुपर्नेछ। प्रस्तावको प्रत्येक पानामा प्रस्तावदाता वा अधिकार प्राप्त प्रतिनिधिले दस्तखत गरी संस्थाको छाप लगाउनुपर्नेछ। वाहिरी खाममा संस्थाको नाम, ठेगाना र "सार्वजनिक सुनुवाई सहजकर्ता छनौट प्रस्ताव"उल्लेख गर्नुपर्नेछ।

५. मूल्याङ्कन विधिः गुणस्तर तथा लागत विधि (QCBS)

६. प्रस्ताव पेश गर्ने अन्तिम मिति र समयः २०८३/०६/२९ गते, दिनको ५:०० बजेसम्म, आठवीस नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, राकमकर्णाली, दैलेखमा।

---

फोन नं. ०८९-६९०४७५ईमेल: aathabismun@gmail.com, ito.aathabisun@gmail.com,Website : aathabismun.gov.np

प्र. प्रमुख प्रशासकीय अधिकृत

https://mail.google.com/mail/u/0/?tab=rm&ogbl#inbox/FMfcgzQhWxQiWjDQtwqtGHwfqWCPRRQc?projector=1&messagePartId=0.1 1/1

CamScanner

"आठबीस नगरको समुन्नतीको आधार शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार"

आठबीस नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

राकमकर्णाली, दैलेख

कर्णाली प्रदेश, नेपाल।

पत्र संख्या: २०८३/०८४ (पूर्वाधार शाखा)

चलानी नं.

७. प्रस्ताव खोल्ने मिति, समय र स्थानः २०८३/०६/२९ गते, दिनको ५:१० बजे, यसै कार्यालयमा। उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट।

८. आठबीस नगरपालिका, नगर कार्यपालिकाले कुनै पनि कारण नखुलाइ प्रस्ताव वा छनोट अस्वीकृत गर्ने अधिकार सुरक्षित राख्दछ।

९. प्रस्ताव पेश गर्न चाहने प्रस्तावदाताहरूले प्रस्ताव कागजात शुल्क रु. १,०००/- कार्यालयको राजस्व खातामा जम्मागरी कार्यालयको वेबसाइटबाट डाउनलोड गर्न सक्नेछन्।

१०. प्रस्तावदाताले प्रस्ताव पेश गर्दा अनिवार्य रूपमा हार्ड कपी तोकिएको समयभित्र यस कार्यालयमा पेश गर्नुपर्नेछ।

११. ठेक्का सम्बन्धी पालना गर्नुपर्ने सम्पूर्ण शर्तहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

............................

(गगन बहादुर हमाल)

नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०८९-६९०४७ इमेल: aathabismun@gmail.com, ito.aathabisun@gmail.com, Website : aathabismun.gov.np

CamScanner